# रामनगर गाउँपालिकाको छैठौ गाउँसभामा
# गाउँ कार्यपालिकाद्वारा प्रस्तुत
# आर्थिक वर्ष २०७६/०७७ को खर्च तथा प्रगती
# र
# आ.व. २०७७/०७८ को अनुमानित आय व्यय विवरण,
# कार्यक्रम तथा बजेट

रामनगर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रामनगर सर्लाही

प्रदेश नं. २, नेपाल

**रामनगर गाउँपालिकाको छैठौ गाउँसभामा**
**गाउँपालिका उपाध्यक्ष श्री नीतु देवीद्वारा प्रस्तुत**
**आर्थिक वर्ष २०७६/०७७ को खर्च र प्रगती**
**तथा**
**आ.व. २०७७/०७८ को अनुमानित आय व्यय विवरण,**
**कार्यक्रम तथा बजेट**

यस सभाका सम्मानीय सभामुखज्यू, गाउँपालिकाको गाउँसभामा उपस्थित प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अतिथिज्यूहरु, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, सभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी मित्र, महिला तथा सज्जनवृन्दज्यूहरु, सञ्चारकर्मी मित्रज्यूहरु एवं सम्पूर्ण गाउँवासी महानुभावहरु यस गाउँपालिकाको तर्फबाट तथा मेरो तर्फबाट हार्दिक स्वागत एवं धन्यवाद दिन चाहन्छु ।

नेपालको संविधान, २०७२ ले दिएका अधिकार, नेपाल सरकारका ऐन तथा कानूनहरु, नियमावली, निर्देशिका तथा हामी आफैले निर्माण गरेका ऐन नियम/ कार्यविधिहरुलाई अनुशरण गरी आ. व. २०७७/७८ को अनुमानित बजेट तथा कार्यक्रम तयार गरेका छौ ।

आदरणीय सभामुखज्यू, सर्वप्रथम म चालु आ.व. को आय व्यय विवरण तथा प्रगति विवरण पेश गर्न चाहन्छु ।

**आय तर्फ**

चालु आ.व. २०७६/०७७ मा आय तर्फ हामीलाई नेपाल सरकारवाट सशर्त अनुदान तर्फ १० करोड ८३ लाख ९३ हजार तथा वितियी समानीकरण ९ करोड ९८ लाख, प्रदेश सरकार वाट शसर्त ५० लाख, वितिय समानीकरण ७१ लाख ७२ हजार, समपूरक अनुदान प्रदेश सरकार ३० लाख, विशेष अनुदान प्रदेश सरकार २० लाख, राजश्व वाडफाँड नेपाल सरकार ३ करोड ८८ लाख ७८ हजार ६६५, सामाजिक सुरक्षा ७ करोड ११ लाख ६३ हजार, आन्तरिक राजश्ववाट १० लाख प्राप्त भएको छ ।

**व्यय तर्फ ( जेठ १० गते सम्म)**

चालु आ.व.मा जेठ १० गतेसम्म चालु खर्च ६ करोड १३ लाख, पूजीगत खर्च ६ करोड ९१ लाख ३३ हजार, विषयगत शाखा तर्फ शिक्षा २ करोड ७५ लाख ७६ हजार, कृषि ५ लाख २० हजार ९५०, प्रधानमन्त्री रोजगार ४ लाख ७६ हजार ९४५, स्वास्थथ्य, १ करोड ८३ लाख १ हजार ६२०, प्रदेश तथा स्थनीय शासन सहयोग कार्यक्रम ४ लाख ५ हजार ८९०, सामाजिक

सुरक्षा तर्फ ४ करोड १२ लाख, ७३ हजार ५००, विपद व्यवस्थापन (राहत र कोभिड १९ व्यवस्थापन) १ करोड ३८ लाख ४३ हजार ८५४, आयुर्वेद तर्फ २४ लाख १९ हजार १०९, पशुशाखा १० लाख, ७४ हजार ३९७, पंजिकरण २ लाख ८२ हजार ४६०, महिला तथा वालवालिका २ लाख ४ हजार, किशोरी शिक्षा ७ लाख ३६ हजार ४६२, खर्च भएको छ ।

सम्माानीय सभामुखज्यू, अव म अगामी आ.व. २०७७/७८ को प्रस्तावित कार्यक्रम तथा अनुमानित आय व्यय विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु । अगामी आ.व. २०७७/७८ को तपसीलको प्रस्तावित कार्यक्रमको प्राथमिकताको आधारमा बजेट विनियोजन गरेको छु ।

**प्राथमिकता**

**क) आर्थिक विकास**

१. आर्थिक विकासको लागि कृषि प्रवर्द्धन गर्न कृषि तर्फ रु ४२ लाख रकम विनियोजन गरेको छु ।

२. पशुपालनलाई सुरक्षात्मक तथा आर्य आर्यजनको लागि विकास गर्न त्यस सम्बन्धी कार्यक्रम संचालन गर्न पशु तर्फ रु १० लाख ५० हजार रकम विनियोजन गरेको छु ।

**ख) सामाजिक विकास तर्फ**

१. शिक्षामा सबैको पहुच तथा सामुदायिक विद्यालयको आधारभूत पूर्वाधार विकास र शिक्षक कर्मचारी व्यवस्थापन तथा विभिन्न शैक्षिक कार्यक्रमको लागि ७३ लाख ६० हजार रकम विनियोजन गरेको छु ।

२. आधारभूत स्वास्थ्य सेवाको विस्तार र पोषण कार्यक्रम तथा कोभिड १९ सम्बन्धी कार्यक्रम संचालन गर्नको लागि स्वाथ्य सेवा तर्प रु. ४३ लाख ७४ हजार रकम विनियोजन गरेको छु ।

३. आयुर्वेद पद्धतीको माध्यमबाट दिगो स्वास्थ्य प्रवर्द्धनको लागि आयुर्वेद तर्फ रु २१ लाख रकम विनियोजन गरेको छु ।

४. लैङ्गिक विकास र सामाजिक समावेशीकरणको माध्यमवाट लक्षित वर्गउन्नमुख कार्यक्रमहरु संचालन गर्न महिला तथा वालवालिका तर्फ रु ५ लाख विनियोजन गरेको छु ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत गा.पा. अन्तर्गतका वेरोजगार युवाहरुलाई कम्तिमा वर्षमा १०० दिन रोजगारीको व्यवस्थापन गर्न नेपाल सरकार को कार्यक्रममा थप गरी रु.५ लाख विनियोजन गरेको छु ।

६. गरिबी निवारण उन्मुख कार्यक्रम संचालन गर्न गरीबसंग विशेश्वर कार्यक्रमको लागि रु. ५ लाख रकम विनियोजन गरेको छु ।

**ग) पूर्वाधार विकास**

१. भौतिक विकास पूर्वाधारका लागि गा.पा. स्तरीय योजना संचालन गर्न रु ३ करोड ९७ लाख २६ हजार विनियोजन गरेको छु ।

२. वडा स्तर विभिन्न योजना तथा कार्यक्रम संचालनको लागि ६ करोड ८ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

**घ) वातावरण तथा विपद व्यवस्थापन**

१. सम्भाव्य प्राकृतिक प्रकोपबाट हुनसक्ने क्षतिलाई न्यूनीकरण गरि जनधनको नोक्सानी हुन नदिन तथा वैश्विक महामारी कोभिड १९ फैलिन नदिन तथा रोकथाम र व्यवस्थापन गर्न आवश्यक कार्यक्रम संचालनको लागि ४९ लाख रकम विनियोजन गरेको छु ।

**ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

१. सुचना प्रविधि र सुशासन विकासको लागि रु. १८ लाख रकम विनियोजन गरेको छु ।

**उपस्थित महिला तथा सज्जनबृन्द,**

अब म चालु आ.व. २०७७/०७८ को अनुमानित आय-व्ययप्रस्तुत गर्न चाहन्छु । चालु आर्थिक वर्षका लागि वित्तिय परिचालन र खर्च अनुमान गर्दा वित्त सन्तुलन कायम गर्ने उद्देश्य लिई सो अनुरुप कार्यक्रमहरु तर्जुमा गरी वडा तथा गाउँपालिकास्तरमा संलग्न अनुसूचीहरु बमोजिम विभिन्न शिर्षक र क्षेत्र अनुसार रकम विनियोजन गरेको छु । योजना तर्जुमा गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य कानूनी व्यवस्था र प्रक्रियाहरुलाई पुरा गरिएको छ ।

**आय व्ययः**

आगामी आर्थिक वर्ष २०७७/०७८ का नीति तथा कार्यक्रम कार्यान्वयन गर्न अनुमानित रकम रु ४२ करोड १३ लाख ८४ हजार विनियोजन गरिएको छ ।

**जसमा आयतर्फ,**

नेपाल सरकारबाट वित्तिय समानीकरण रु १० करोड ११ लाख, प्रदेश सरकार १ करोड ४३ लाख ३६ हजार र सशर्त अनुदान तर्फ नेपाल सरकारवाट रु. ११ करोड ३३ लाख, प्रदेश सरकारवाट रु. ८० लाख, विशेष अनुदान ३० लाख, समपूरक अनुदान २० लाख, सामाजिक सुरक्षा भत्ता ३ करोड ८८ लाख, ९७ हजार, शिक्षा यूनिसेफ १२ लाख ५१ हजार, राजश्व बाँडफाँड नेपाल सरकारबाट ६ करोड ७५ लाख, प्रदेश सरकार १ करोड ५० लाख, अघिल्लो आ.व.को बाँकी (कन्टिजेन्सी समेत) ५ करोड ५० लाख र आन्तरिक आय रु. २० लाख गरी

जम्मा ४२ करोड १३ लाख ८४ हजार आय प्राप्त हुने व्यहोरा यस सभालाई जानकारी गराउन चाहन्छु ।

**व्ययतर्फ**

आ.व. २०७७/०७८ को लागि साधारण खर्च (चालु, राजश्व बाँडफाड) रु. ७ करोड ९५ लाख २७ हजार, गा.पा. तर्फ पुँजीगत १ करोड ९० लाख, विषयगत शाखाको शसर्त ११ करोड ३३ लाख, शसर्त प्रदेश सरकार ८० लाख, गाउँपालिकास्तरीय योजना ३ करोड ९७ लाख २६ हजार, वडा स्तरीय ८ करोड ०८ लाख ५० हजार, शिक्षा स्वास्थ्य पशु, कृषि लगायत विषयगत शाखाको आन्तरिक अनुदान २ करोड ५ लाख ८४ हजार, सामाजिक सुरक्षा भत्ता ३ करोड ८८ लाख ९७ हजार र गाउँपालिका भवन निमार्णको लागि ३ करोड ५० लाख र सवारी साधन खरिदको लागि रु.६५ लाख गरी जम्मा ४२ करोड १३ लाख ८४ हजार अनुमानित खर्च प्रस्ताव गरेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

**अन्त्यमा,**

यस समारोहमा पाल्नु हुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, कार्यालय प्रमुखज्यूहरु, गैरसरकारी संघ संस्था तथा सामाजिक क्षेत्रका विशिष्ट व्यक्तित्वज्यूहरु, नागरिक समाजका अगुवाज्यूहरु, बुद्धिजिवी, उद्योगपति, व्यापारी, संचारकर्मी, राष्ट्रसेवक कर्मचारी, निजी तथा व्यावसायिक क्षेत्र र सम्पूर्ण गाउँवासीहरु प्रति म हार्दिक आभार प्रकट गर्न चाहन्छु । धन्यवाद !

..........................
श्री नितु देवी यादव
उपाध्यक्ष
रामनगर गाउँपालिका
रामनगर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७७/३/२२ गते